## गाउँसभाको एघारौँ अधिवेशनमा गाउँपालिका अध्यक्षद्वारा प्रस्तुत
## आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धी वक्तव्य

**गाउँसभाका सदस्यज्यूहरू,**

**गाउँपालिकाका उपाध्यक्ष ज्यू,सभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरू, विषयगत समितिका संयोजक तथा पदाधिकारी ज्यूहरु, राष्ट्रसेवक कर्मचारी मित्रहरू, र सुशासन एवं समृद्धिको अभिलाषा बोक्नुभएका सम्पूर्ण आदरणीय बराहतालवासी दिदीबहिनी तथा दाजुभाइहरू।**

**१. आज यस ऐतिहासिक गाउँसभाको गरिमामय बैठकमा गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गौरवको अनुभूति भएको छ। यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै, स्थानीय तहलाई जनमुखी, पारदर्शी र जनउत्तरदायी बनाउन मार्गनिर्देश गर्ने सम्पूर्ण अग्रजहरूमा आदरभाव व्यक्त गर्दछु।**

**२. नेपालको संविधानले निर्दिष्ट गरेको समाजवादउन्मुख अर्थतन्त्रको निर्माण, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारको 'डिजिटल नेपाल फ्रेमवर्क' र राष्ट्रिय 'कृषि दशक (२०८१-२०९१)' को लक्ष्यलाई आत्मसात् गर्दै हामीले यस वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं। कर्णाली प्रदेश सरकारको "समृद्ध कर्णाली, सुखारी कर्णाली" को मूल संकल्पलाई स्थानीयकरण गर्दै बराहतालको विशिष्ट भूगोल, उपलब्ध प्राकृतिक स्रोत र जनभावनाको जगमा यो विस्तृत दस्तावेज तयार गरिएको छ।**

**३. चालू आर्थिक वर्षमा हामीले प्रशासनिक सुशासन, आन्तरिक आय सुदृढीकरण र जनताको घरदैलोमा सरकारी सेवा पुर्‍याउने कार्यमा महत्त्वपूर्ण कोशेढुङ्गा पार गरेका छौँ। वडा कार्यालयहरूमा गरिएको सघन सेवा प्रवाह अनुगमन र योजनाहरूको मूल्याङ्कनले हाम्रो प्रशासनिक संयन्त्रलाई थप जिम्मेवार र जवाफदेही बनाएको छ। सोही उपलब्धिलाई संस्थागत गर्दै आउँदो आर्थिक वर्ष २०८३/०८४ का लागि हामीले "कृषि, पर्यटन र दिगो पूर्वाधार: समृद्ध बराहतालको बलियो आधार" भन्ने मूल नाराका साथ क्षेत्रगत विस्तृत नीतिहरू तय गरेका छौँ, जुन म यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

### भाग १: अन्तर-सरकार समन्वय नीति

सभाका सदस्यज्यूहरु, स्थानीय सरकार एक्लै पृथक रहेर हिँड्न सक्दैन। हामीले संघीय र प्रदेश सरकारका विकासका प्राथमिकताहरूलाई एकापसमा आबद्ध गर्दै उपलब्ध वित्तीय हस्तान्तरण (ससर्त, समपूरक र विशेष अनुदान) को उच्चतम सदुपयोग गर्ने नीति लिएका छौँ:

- **नेपाल सरकार (संघ) सँगको समन्वय:** डिजिटल नेपाल फ्रेमवर्क अनुरूप पालिकाका सबै सेवा अनलाइन प्रणालीमा लैजाने, उत्पादकत्व वृद्धिका लागि राष्ट्रिय कृषि दशकका कार्यक्रम भित्र्याउने र जलवायु अनुकूलनका लागि जलाधार संरक्षण गर्ने नीति लिइनेछ।
- **कर्णाली प्रदेश सरकारसँगको साझेदारी:** प्रदेशको प्राङ्गारिक कृषि अभियानलाई सफल पार्न रासायनिक मल न्यूनीकरण गर्ने, रणनीतिक सडक पूर्वाधारमा साझेदारी गर्ने र सीमान्तकृत वर्गका लागि विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

### १. मुख्य उद्देश्यहरूको क्षेत्रगत विस्तृत व्याख्या तथा बजेट व्यवस्थापन:

- **उत्पादनमुखी अर्थतन्त्रको विकास:** आयातमुखी बजारलाई प्रतिस्थापन गरी आन्तरिक उत्पादन बढाउन स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगका लागि **'सहुलियतपूर्ण उद्यम कोष'** को व्यवस्था गरिएको छ।
- **कृषि तथा पशुपालनको आधुनिकीकरण:** परम्परागत कृषिलाई व्यावसायिकरण गर्न साना सिंचाई, 'कृषि एम्बुलेन्स' र कर्णाली प्रदेशको प्राङ्गारिक अभियानलाई सघाउन **'उत्पादनमा आधारित सिधै बैंक खातामा जाने नगद अनुदान'** को व्यवस्था मिलाइएको छ।
- **रोजगार सिर्जना र युवा उद्यमशीलता प्रवर्द्धन:** वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप परीक्षण गरी गाउँपालिका भित्रै स्वरोजगार बन्न विना धितो न्यून ब्याजदरमा **'युवा स्वरोजगार कर्जा'** र प्रविधि हस्तान्तरणको नीति लिइएको छ।

- **गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा:** विद्यालयहरूमा **'एक विद्यालय, एक सूचना प्रविधि प्रयोगशाला (ICT Lab)'** र ई-लाइब्रेरी स्थापनाका लागि विशेष बजेट विनियोजन गरिएको छ। स्वास्थ्यतर्फ **'अध्यक्षसँग घरदैलो स्वास्थ्य सेवा'** मार्फत ज्येष्ठ नागरिक र गर्भवती महिलालाई निःशुल्क विशेषज्ञ सेवा घरदैलोमै पुऱ्याइनेछ।
- **सुरक्षित तथा व्यवस्थित पूर्वाधार विकास:** बड्डीचौर गाउँपालिका केन्द्रबाट प्रत्येक वडा कार्यालय जोड्ने रणनीतिक सडकहरूलाई बाह्रै महिना चल्ने गरी **कालोपत्रे तथा ग्राभेल गर्न समपूरक बजेट** विनियोजन गरिएको छ।
- **डिजिटल सुशासन र सेवा प्रवाह सुधार:** 'डिजिटल नेपाल फ्रेमवर्क' अनुरूप पालिकाका सम्पूर्ण आर्थिक र प्रशासनिक कार्यलाई **'कागजरहित सिफारिस प्रणाली'** र **'अनलाइन राजस्व भुक्तानी (e-Payment)'** मा पूर्ण रूपमा रूपान्तरण गरिनेछ। वित्तीय अनुशासन कायम गर्न **'विशेष बेरुजू फछ्यौट कार्यदल'** गठनको घोषणा गरिएको छ।
- **विपद् प्रतिरोधी तथा जलवायु अनुकूल विकास:** भेरी नदी र स्थानीय खोलाहरूको कटान रोक्न **जैविक तटबन्ध (Bio-Engineering)** निर्माण र आपतकालीन उद्धारका लागि **'विपद् व्यवस्थापन कोष'** को साविक बजेटको आकारमा वृद्धि गरिएको छ।

**भाग २: क्षेत्रगत विस्तृत नीति तथा कार्यक्रम**

**१. आर्थिक विकास क्षेत्र (कृषि, पशुपालन, उद्यमशीलता र पर्यटन)**

कृषिलाई गाउँपालिकाको समग्र आर्थिक विकासको मेरुदण्ड मानेर जलवायुअनुकूल, वातावरणमैत्री,प्रविधिमैत्री, आधुनिक तथा व्यवसायिक पर्यावरणीय कृषि प्रणाली विकास गर्न यस आ.व.का लागि निम्न नीतिहरू अवलम्बन गरिनेछन:

- स्थानीय स्रोतसाधन, बीउबिजन, प्रविधि र श्रमको अधिकतम उपयोग गरी समग्र कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धिमा बिषेश प्राथमिकता दिइने ।
- खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितताको लागि पारिवारिक पोषण सुधारलाई प्रोत्साहनगरिने ।
- प्राङगारिक कृषि, जैविक विविधता र वातावरण संरक्षणलाई ध्यानमा राखी दिगो कृषि प्रणालीको प्रवर्द्धन गरिने।
- अर्गानिक तथा जलवायु अनुकुलन प्रबिधिहरुको उच्चतम प्रयोगलाई बढावा दिइने ।
- गाउँपालिकाको कृषि तथा पशुपंछी तथ्याङ्क अध्यावधिक गरि कृषि प्रोफाइल निर्माण गरिने।
- बराहताल गाउँपालिकाको कृषि विकास रणनिति बनाई कार्यान्वनमा ल्याईने ।
- उत्पादन लागत घटाउन नविनतम प्रविधिका कृषि उपकरण तथा अन्य समाग्रीहरु विपन्न तथा लक्षित वर्गका कृषकलाई सहलगानिमा वितरण गरिने ।
- गाउँपालिका भित्र रहेका बाँझो जमिनको सदुपयोगको गर्नविशेष कार्यक्रम ल्याईने ।
- कृषकको क्षमता अभिवृद्धिगर्न मागमा आधारित तालिम सञ्चालन गरिने।
- कृषकहरुको बालिनालिमा आउने समस्याहरुको पहिचान तथा ब्यवस्थापन गर्न घुम्ति बालि उपचार शिबिर कार्यक्रमलाई निरन्तरतादिइने ।
- खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन तथा जिविकोपार्जनमा सुधार ल्याउन सिमान्तकृत तथा विपन्न कृषक लक्षित कार्यक्रम सञ्चालन गरिने ।
- कृषि पेशा प्रति यूवाहरुको आकर्षण बढाउन युवा लक्षित कार्यक्रम सञ्चालनमा ल्याईने ।
- एक वडा एक साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) क्षेत्र निर्धारण गरि आवश्यक कार्यक्रम सञ्चालन गरिने ।
- विभिन्न बालिको श्रोत केन्द्र / बीउ उत्पादन केन्द्र स्थापनाका लागि पहल गरिने ।
- कृषि उपजको बजारिकरणको लागि थप 2 स्थानमा कृषि उपज हाटबजार सञ्चालनार्थ सम्भाब्यता अध्ययन गरिने।
- गाउँपालिकामा संचालित एक मात्र कृषि उपज हाट बजारको नियमित संचालन तथा सबलिकरण गर्न हाट बजार कोष स्थापना तथा अन्य आवश्यक व्यवस्था गरिने ।
- बालि नालिका शत्रुजिव ब्यस्थापनमा कृषकलाई दक्ष बनाउन एक वडा एक कृषक पाठशाला सञ्चालनमा ल्याईने ।

- प्राङ्गारिक कृषि पद्यती अवलम्बन गर्ने कृषक समुहलाई सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली (PGS)मा आवद्ध गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरिने।
- गाउँपालिकामा निर्मित कृषि उपज संकलन केन्द्रको दिगो उपयोग तथा संचालनार्थ आवश्यक अध्ययन तथा नीति निर्माण गरिने।
- पर्यावरणीय कृषि योजना (PAP) तर्जुमा गरिने।
- एक आर्थिक वर्ष भरीको लागी कृषकहरुलाई कुनैपनी कार्यक्रममा आवेदन पेश गर्न पाउने स्थानिय सुचना प्रकाशन कार्याविधि स्थापना गरी "First come first priority"लाई प्रर्वद्धन गरिने।
- कृषि व्यावसायलाई प्रर्वद्धन गर्न उत्पादनको आधारमा एवंम् कृषि उत्कृष्ट स्थानिय कृषक पुरस्कार कार्यक्रमको परिकल्पना गरिने।

- **प्राङ्गारिक कृषि र उत्पादनमा आधारित प्रोत्साहन नीति:**

  - कर्णाली प्रदेशको अर्गानिक अभियानलाई सघाउन रासायनिक मल र घातक विषादीको प्रयोगलाई निरुत्साहित गरिनेछ। पालिकास्तरमा सहकारी तथा निजी क्षेत्रसँगको साझेदारीमा **'प्राङ्गारिक (अर्गानिक) मल कारखाना'** स्थापनाका लागि सम्भाव्यता अध्ययन र लगानी प्रोत्साहन गरिनेछ।
  - वास्तविक कृषकहरूलाई प्रोत्साहन गर्न बिचौलिया प्रथा अन्त्य गर्दै उत्पादनको आधारमा (प्रति केजी वा प्रति लिटर) सिधै किसानको बैंक खातामा जाने गरी **'उत्पादनमा आधारित नगद अनुदान प्रणाली'** लागू गरिनेछ।

❖ **'एक वडा, एक विशेष उत्पादन' र कृषि पकेट क्षेत्र:**

  - वडा नं. १ देखि ४ सम्मको तल्लो तटीय र उर्वर क्षेत्रलाई व्यावसायिक तरकारी, उन्नत धान र मकैको बीउ उत्पादन पकेट क्षेत्र घोषणा गरी सिंचाई पूर्वाधारमा लगानी बढाइनेछ।
  - माथिल्लो भेगका वडाहरूमा रैथाने बाली (कोदो, फापर, सिमी, जोङ्गो) को संरक्षण र अमिलो जातका फलफूल (कागती, सुन्तला) को व्यावसायिक खेतीका लागि कृषकहरूलाई निःशुल्क कलमी बिरुवा, आधुनिक कृषि औजार र प्राविधिक सहयोग हस्तान्तरण गरिनेछ।

❖ **व्यावसायिक पशुपालन र दुग्ध सहकारी सञ्जाल:**

  - परम्परागत पशुपालनलाई विस्थापित गरी व्यावसायिक बाख्रापालन, बंगुरपालन र भैँसीपालन गर्ने कृषकहरूका लागि उन्नत नश्ल (बोयर, मुर्रा) सुधार कार्यक्रम र निःशुल्क खोप सेवा सञ्चालन गरिनेछ।
  - उत्पादित दूध र दुग्धजन्य पदार्थको सहज बजार व्यवस्थापनका लागि **'बराहताल दुग्ध सहकारी सञ्जाल'** निर्माण गरी विभिन्न वडामा चिस्यान केन्द्र र पालिकास्तरमा संकलन केन्द्र स्थापना गरिनेछ।

❖ **बराहताल पर्यटन गुरुयोजनाको कार्यान्वयन:**

  - हाम्रो पालिकाको मुख्य पहिचान र ऐतिहासिक पर्यटकीय स्थल 'बराहताल' क्षेत्रको जैविक विविधता र प्राकृतिक सौन्दर्यलाई जोगाउँदै पर्या-पर्यटन (Eco-Tourism) को रूपमा विकास गर्न स्वीकृत गुरुयोजना अनुसार दोस्रो चरणका पूर्वाधार निर्माण (पदमार्ग, आकर्षक पार्क, बोटिङ घाट र भ्यु-पोइन्ट) लाई तीव्रता दिइनेछ।
  - आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न स्थानीय मगर, राउटे र अन्य समुदायको मौलिक संस्कृति झल्किने गरी **'बराहताल साँस्कृतिक तथा होमस्टे '** कार्यक्रमलाई प्रवर्द्धन गरी स्थानीय युवाहरूलाई पथप्रदर्शक (Tour Guide) तालिम दिइनेछ।

❖ **स्थानीय उद्यम, सीप र स्वरोजगार:**

  - वैदेशिक रोजगारीबाट फर्केका र स्थानीय बेरोजगार युवाहरूका लागि स्थानीय कच्चापदार्थ (बाँस, निगालो, अमिलो फलफूल, जडीबुटी) मा आधारित लघु र घरेलु उद्यमहरूलाई प्रवर्द्धन गरिनेछ। बजारको माग अनुसारका व्यावसायिक सीपमूलक तालिमहरू (प्लम्बिङ, वायरिङ, मोबाइल रिपेयरिङ, ब्युटिसियन) सञ्चालन गरिनेछ।

❖ **भुमि ब्यवस्था**

- ➢ आगामी आर्थिक बर्षको अन्त्य सम्म बराहताल गाउँपालिका भित्र रहेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको प्रमाणीकरण प्रकृया पुरा गरि पहिचानका आधारमा वास्तविक सुकुम्बासीहरुलाई निशुल्क रुपमा जग्गाधनी प्रमाणपुर्जा प्रदान गरि भूमिहीन नागरीकहरुलाई भूमिको स्वामीत्व हस्तान्तरण गरिने छ।
- ➢ बराहताल गाउँपालिका भित्र चलि राखेको अधुरा अपुरा र काम बाँकी तर्फका जग्गाहरु नापजाँच प्रकृयालाई निरन्तर रुपमा अघि बढाईने छ। अब्यबस्थित बसोबासीहरुको जग्गाको नापजाँच प्रकृयालाई भूमि समस्या समाधान समितिको निर्देशन र समन्वयमा यसै बर्ष देखी नापजाँच प्रकृया अघि बढाईने छ।
- ➢ आगामी आर्थिक बर्षको अन्त सम्ममा बराहताल गाउँपालिका भित्र रहेका हालसम्म आफुले चर्चेको जग्गा आफ्नो स्वामित्वमा नरहेका सरकारी सार्वजनिक निकायहरु गाउँपलिका, वडापालिका, विद्यालयहरु, स्वास्थ्य सँस्थाहरु लगाएतका निकायहरुलाई भूमि समस्या समाधान समितिको अव्यवस्थित बसोबासीको प्रकृया अवलम्बन गरी जग्गाको स्वामित्व प्रदान गरिने छ।
- ➢ बराहताल गाउँपालिकाले यस अघि जारी गरेको सडक मापदण्ड र भूउपयोग मापदण्ड बमोजिम लगत कट्टा गरिएका सडकहरुमा एकरुपता नभएको देखिएकाले यस अघि जारी गरिएको सडक मापदण्ड संशोधन गरि एकरुपता ल्याईने छ। मि ब्यवस्था

- ➢ आगामी आर्थिक बर्षको अन्त्य सम्म बराहताल गाउँपालिका भित्र रहेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको प्रमाणीकरण प्रकृया पुरा गरि पहिचानका आधारमा वास्तविक सुकुम्बासीहरुलाई निशुल्क रुपमा जग्गाधनी प्रमाणपुर्जा प्रदान गरि भूमिहीन नागरीकहरुलाई भूमिको स्वामीत्व हस्तान्तरण गरिने छ।
- ➢ बराहताल गाउँपालिका भित्र चलि राखेको अधुरा अपुरा र काम बाँकी तर्फका जग्गाहरु नापजाँच प्रकृयालाई निरन्तर रुपमा अघि बढाईने छ। अब्यबस्थित बसोबासीहरुको जग्गाको नापजाँच प्रकृयालाई भूमि समस्या समाधान समितिको निर्देशन र समन्वयमा यसै बर्ष देखी नापजाँच प्रकृया अघि बढाईने छ।
- ➢ आगामी आर्थिक बर्षको अन्त सम्ममा बराहताल गाउँपालिका भित्र रहेका हालसम्म आफुले चर्चेको जग्गा आफ्नो स्वामित्वमा नरहेका सरकारी सार्वजनिक निकायहरु गाउँपलिका, वडापालिका, विद्यालयहरु, स्वास्थ्य सँस्थाहरु लगाएतका निकायहरुलाई भूमि समस्या समाधान समितिको अव्यवस्थित बसोबासीको प्रकृया अवलम्बन गरी जग्गाको स्वामित्व प्रदान गरिने छ।

- ➢ बराहताल गाउँपालिकाले यस अघि जारी गरेको सडक मापदण्ड र भूउपयोग मापदण्ड बमोजिम लगत कट्टा गरिएका सडकहरुमा एकरुपता नभएको देखिएकाले यस अघि जारी गरिएको सडक मापदण्ड संशोधन गरि एकरुपता ल्याईने छ।
- ➢ उद्यम व्यवसाय सञ्चालन गरिरहेका सफल उद्यमीहरुलाई प्रोत्साहन र विविध कारणले रुग्ण अबस्थामा पुगेका तथा आर्थिक अभावकै कारण उद्यमी बन्न बाट बञ्चीत बर्ग र समुदायका ब्याक्तिहरुलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईने छ।

### ❖ श्रम, रोजगार, सीप र उद्यमबिकास

- ➢ संघिय सशर्त अनुदान र गाउँपालिकाको सतप्रतिशत साझेदारीमा उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सृजना तथा न्यूनतम रोजागारीको प्रत्याभूति,सीप विकास, उद्यमशिलता प्रर्वद्धन र पुन: एकिकरण सम्बन्धि विशेष कार्यक्रम सञ्चालनमा ल्याईने छ।
- ➢ श्रमको सम्मान राष्ट्रको अभियान,रोजगारी सृजना एवं प्रवद्र्धन,डिजीटल श्रम तथा रोजगार सेवा सम्बन्धि अभिमुखीकरण र प्रवद्र्धनमूलक कार्यक्रम अघि बढाईने छ।
- ➢ रोजगार सेवाकेन्द्र द्धारा समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगारी सम्बन्धि अभिमुखीकरण र बैदेशिक रोजगारी बाट फर्किएका ब्यक्ति र परिवारका सदस्यहरु कालागि आगामी बर्षदेखी मनोसामाजिक परामर्श र वित्तिय साक्षरता सेवा अघि बढाईने छ।
- ➢ प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा चूएी विधि बाट सीप परिक्षण गराई स्थानीय स्तरमा रहेका परम्परागत सीप र क्षमतालाई सँस्थागत वैद्यता प्रदान गरिने छ।

- आन्तरिक तथा बाहीय श्रम बजारको मागलाई मध्येनजर गरि दक्ष र सीपयुक्त जनशक्ति उत्पादनका लागि ३९० घण्टाका लामो अवधिका सीपविकास तालिम सञ्चालन गरिने छ। लघुउद्यमीहरको स्तरोन्नती,पुनताजगी र एडभान्स सीपविकास तालिम सञ्चालन गरि रोजगार प्रवद्र्धनमा जोड दिईने छ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धिगर्नका लागि समुदाय स्तरमा प्रविधि हस्तान्तरण गर्दै गरिवी निवारण कालागि लघुउद्यम  विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ र रोजगार,सीप तथा उद्यमशिलता केन्द्र सञ्चालन कार्यविधि २०८३ बमोजिम र स्थानीय तहको साझेदारीमा लघुउद्यम विकास मोडेलमा नयाँ लघुउद्यमी सिर्जना गरि रोजगारीको प्रत्याभूति गराईने छ।
- बैदेशिक रोजगारी सम्बन्धि पुनःश्रम स्वीकृति लगाएतका सम्पूर्ण सेवाहरुलाई रोजगार सेवा केन्द्र मार्फत स्थानीय तह बाटै सेवा प्रवाह गर्ने ब्यवस्था मिलाईने छ

**२. सामाजिक विकास क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी र समावेशीकरण)**

- **प्रविधिमैत्री, व्यावहारिक र गुणस्तरीय शिक्षा:**
  - संघीय सरकारको 'डिजिटल नेपाल' नीति अनुरूप सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्दै सबै माध्यमिक विद्यालयहरूमा **'एक विद्यालय, एक सूचना प्रविधि प्रयोगशाला (ICT Lab)'** र ई-लाइब्रेरी स्थापना कार्यलाई क्रमागत रूपमा अघि बढाइनेछ।
  - विद्यालय छोड्ने दर लाई शून्यमा झार्न गरिब, जेहेन्दार तथा छात्रा प्रोत्साहन छात्रवृत्ति कार्यक्रम र प्राविधिक शिक्षातर्फ युवाहरूको आकर्षण बढाउन 'सिक्दै कमाउँदै' कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- १. गाउँपालिकाभित्रका सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्दै विद्यालय शिक्षाको गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।
- २. “एक विद्यालय, एक पुस्तकालय” अभियान सञ्चालन गरी सबै सामुदायिक विद्यालयमा बालमैत्री तथा अध्ययन संस्कृतिको विकास गर्ने पुस्तकालय स्थापना तथा सुदृढीकरण गरिनेछ।
- ३. प्रत्येक वडामा कम्तीमा एक विद्यालयलाई नमूना डिजिटल विद्यालयको रूपमा विकास गर्दै स्मार्ट बोर्ड, प्रोजेक्टर, इन्टरनेट तथा सूचना प्रविधिमा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ।
- ४. उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने शिक्षक, विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहन गर्न “बराहताल शिक्षा पुरस्कार” कार्यक्रम सञ्चालन गरिनेछ।
- ५. विद्यालयहरूको शैक्षिक, प्रशासनिक तथा भौतिक अवस्थाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्दै सुधारमुखी पृष्ठपोषण प्रदान गरिनेछ।
- ६. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय आवश्यकता र सम्भावनाका आधारमा कृषि, पशुपालन, पर्यटन तथा अन्य व्यवसायिक एवं सीपमूलक शिक्षासँग आबद्ध गरिनेछ।
- ७. कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत ज्ञान, कम्प्युटर सीप तथा कोडिङसम्बन्धी तालिम प्रदान गरिनेछ।
- ८. दलित, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, जेहेन्दार तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि लक्षित छात्रवृत्ति कोष स्थापना गरि यस कोषलाई थप प्रभावकारी बनाइनेछ।
- ९. विद्यालयहरूलाई बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक समानतामूलक तथा हिंसामुक्त शैक्षिक संस्थाको रूपमा विकास गरिनेछ।
- १०. नेपाल सरकारको नीति अनुरूप विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादन र पोषणयुक्त खाद्य सामग्रीसँग आबद्ध गरी थप प्रभावकारी बनाइनेछ।
- ११. बराहताल गाउँपालिकाको ऐतिहासिक, धार्मिक, भौगोलिक, सांस्कृतिक तथा सामाजिक विशेषता समेटिएको स्थानीय पाठ्यक्रमलाई परिमार्जन, विस्तार तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।
- १२. स्थानीय पाठ्यक्रमसँगै व्यावहारिक जीवनोपयोगी सीप, उद्यमशीलता तथा नैतिक शिक्षामा आधारित शिक्षण सिकाइलाई प्रोत्साहन गरिनेछ।

- १३. विद्यालय शिक्षालाई नतिजामुखी, व्यवहारिक तथा प्रतिस्पर्धी बनाउँदै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- १४. शिक्षा शाखालाई थप सुदृढ, प्रविधिमैत्री र स्रोत–साधन सम्पन्न बनाइ शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।
- १५. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय भवन निर्माण, शौचालय, खानेपानी तथा खेलमैदान विकासका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- **सर्वसुलभ, गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा:**
    - गाउँपालिका भित्रका सबै वडा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरूमा नेपाल सरकारले तोकेका अत्यावश्यक औषधिहरूको (निःशुल्क) चौबीसै घण्टा उपलब्धता सुनिश्चित गरिनेछ।
    - विकट क्षेत्रका गर्भवती महिला, ५ वर्ष मुनिका बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूका लागि **'अध्यक्षसँग घरदैलो स्वास्थ्य सेवा'** र प्रत्येक वडामा नियमित विशेषज्ञ डाक्टरसहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

**१. प्राथमिक स्वास्थ्य सेवा**

स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दी अनुसार आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरी प्रभावकारी र गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

**२. स्वास्थ्य व्यवस्थापन कार्यक्रम**

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ गर्दै तथ्याङ्कको गुणस्तर सुधार, नियमित समीक्षा तथा प्रमाणमा आधारित योजना तथा निर्णय प्रक्रियालाई प्रवर्द्धन गरिनेछ।

**३. बहुक्षेत्रिय पोषण कार्यक्रम**

पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्दै सुनौलो हजार दिनका आमा तथा बालबालिकाको पोषण सुधार, खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि र समुदायस्तरमा पोषण सम्बन्धी व्यवहार परिवर्तन प्रवर्द्धन गरिनेछ।

- Nutrition Health Profile लाई सुधिदिकरण र सुनिश्चितता गरिनेछ।

**४. परिवारकल्याणकार्यक्रम**

प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, नवशिशु तथा बाल स्वास्थ्य, खोप सेवा, पोषण तथा किशोरकिशोरी स्वास्थ्यलाई एकीकृत रूपमा प्रवर्द्धन गरी गुणस्तरीय परिवार कल्याण सेवा सुनिश्चित गरिनेछ ।

**५. नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम**

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका सुदृढ गर्दै मातृ, नवशिशु, बाल स्वास्थ्य, **क्षयरोग नियन्त्रण कार्यक्रम**

**६. राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम**

स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रममार्फत स्वस्थ जीवनशैली प्रवर्द्धन गर्दै मदिरा तथा सुर्तीजन्य पदार्थको प्रयोग न्यूनीकरण गरिनेछ।
मदिरा तथा सुर्तीजन्य पदार्थको प्रयोग न्यूनीकरणका लागि जनचेतना, अभिमुखीकरण, छलफल तथा **आयुर्वेद सेवा कार्यक्रम**
आयुर्वेद सेवाको सुदृढीकरण गर्दै नागरिकलाई सहज, पहुँचयोग्य तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

**७. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम**

"मेरो स्वास्थ्य, मेरो समुदाय"अवधारणालाई आत्मसात गर्दै समुदायको सहभागितामा स्वास्थ्य प्रवर्द्धन तथा रोग रोकथामका कार्यक्रम सञ्चालन गरिनेछ।

## ८. महामारी रोग नियन्त्रण कार्यक्रम

मानसिक स्वास्थ्य प्रवर्द्धन, नसर्ने रोग नियन्त्रण तथा One Health अवधारणालाई प्रवर्द्धन गर्दै महामारी तथा जुनोटिक रोगहरूको रोकथाम र नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

## ९. उपचारात्मक सेवा कार्यक्रम

आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको पहुँच, उपलब्धता र गुणस्तर अभिवृद्धि गर्दै स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि तथा न्यूनतम सेवा मापदण्डको सुनिश्चितता गरिनेछ।

- **'एक घर, एक धारा' र पूर्ण सरसफाइ अभियान:**
  - संघीय र प्रदेश सरकारको समन्वय तथा समपूरक बजेटमार्फत सञ्चालित साना सहरी तथा ग्रामीण खानेपानी आयोजनाहरूलाई समयमै सम्पन्न गरी प्रत्येक नागरिकको घरमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिनेछ। पानीका मुहानहरूको दीर्घकालीन संरक्षणका लागि मुहान वरपर वृक्षारोपण र जलाधार क्षेत्र संरक्षण नीति लिइनेछ।
- **महिला बालबालिका र जेष्ठ नागरिक**
  - अपांगता परिचयपत्र वितरण गर्दा अपांगता समन्वय समिती गठन र बैठक बसी समितीको निर्यणबाट परिचय पत्र वितरण गरिनेछ ।
  - बालअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि जोखिममा परेका बालबालिकालाई आपतकालिन उदारकालागि बालकोषको परिचालन गरिनेछ ।
  - लैगिंक हिसांबाट प्रभावित व्यक्तिहरुलाई संरक्षणका लागि सुरक्षित आवास तथा मनोपरामर्श सेवालाई थपव्यवस्थित र प्रभावकारी तुल्याईनेछ । साथै लैगिंक हिसां निवारण कोषको कार्यान्वयन तथा परिचालन गरिनेछ ।
  - अपांगता परिचपत्र वितरणलाई न्यायोचित बनाउनका लागि अपांगता भएका व्यक्तीहरुका अधिकार सम्बन्धि ऐन २०७४ को परिच्छेद १३ बमोजिमको सेवा सुविधा तथा परिचयपत्र सहजरुपमा उपलब्ध गराउनका लागि घुम्ति शिविर गरिनेछ ।
  - महिला, बालबालिका, दलित, सिमान्तकृत समुह, यौनिक तथा अल्पसंख्यक समुह, अपांगता भएकाव्यक्तिहरुको लागि विपत जोखिम तथा मर्यादित व्यवहार सम्बन्धि जनचेतना मुलक कार्यक्रम गरिनेछ।
  - बाल विवाह रोकथामका लागि आवश्यक सूचना, परामर्श तथा उजुरी व्यवस्थापन संयन्त्रलाई सुदृढबनाइनेछ।
  - गर्भवती महिला, सुत्केरी आमा, बालबालिका, किशोर–किशोरी तथा जोखिम समूहलाई लक्षित गरीनियमित पोषण शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
  - अपाङ्गतामैत्री सेवा प्रवाहलाई प्रोत्साहन गर्दै अपांगता भएका व्यक्तीहरुको दैनिक जिवन सहज बनाउने उदेश्यले आवश्यकता पहिचानका आधारमा सहायक सामग्री खरिद तथा वितरण गरिनेछ।
  - बहिरा व्यक्तिहरूको सञ्चार अधिकार सुनिश्चित गर्न पालिकाभित्र आवश्यकताका आधारमा सांकेतिक भाषा दोभाषे तालिम सञ्चालन गरी स्थानीय स्तरमा दक्ष जनशक्ति उत्पादन तथा परिचालन गरिनेछ । सम्बन्धित संस्था तथा सरोकारवालासँग समन्वय गरी तालिम, अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

- बालबालिकाको अर्थपूर्ण सहभागिता, नेतृत्व विकास, क्षमता अभिवृद्धि तथा बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि प्रत्येक वडामा वडा स्तरिय बाल सञ्जाल गठन तथा सुदृढीकरण गरिनेछ। वडा स्तरबाट प्रतिनिधित्व सुनिश्चित गरी पालिका स्तरिय बाल सञ्जाल गठन, परिचालन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्र (सडक, ऊर्जा र भवन)

- **रणनीतिक सडक सञ्जाल र स्तरोन्नति:**
  - गाउँपालिकाको केन्द्र बड्डीचौर बाट प्रत्येक वडा कार्यालय र मुख्य बजार क्षेत्र जोड्ने रणनीतिक सडकहरूलाई प्रदेश र संघको समपूरक बजेटमार्फत कालोपत्रे तथा ग्राभेल गर्ने कार्यलाई उच्च प्राथमिकता मा राखिनेछ।
  - बर्खायाममा समेत सडक यातायात अवरुद्ध नहुने गरी मुख्य ग्रामीण सडकहरूमा पक्की नाला, रिटेनिङ वाल र कजवे (Causeway) निर्माण कार्यलाई अनिवार्य गरिनेछ।
- **उज्यालो बराहताल र नवीकरणीय ऊर्जा:**
  - गाउँपालिकाका अझै विद्युतको पहुँच नपुगेका दुर्गम र छरिएका बस्तीहरूमा केन्द्रीय प्रसारण लाइन विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँग प्राविधिक साझेदारी गरिनेछ। विद्यालय, स्वास्थ्य संस्था र मुख्य बजार क्षेत्रमा सोलार सडक बत्ती जडान कार्यलाई विस्तार गरिनेछ।
- **भवन तथा सार्वजनिक पूर्वाधार विकास:**
  - वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सार्वजनिक भवनहरूको निर्माण, मर्मत तथा स्तरोन्नति कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
  - सबै सार्वजनिक भवनहरूलाई अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा विपद् प्रतिरोधी मापदण्डअनुसार निर्माण तथा व्यवस्थापन गरिनेछ ।
  - सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन वडा कार्यालय, स्वास्थ्य चौकी, कृषि तथा पशु सेवा केन्द्र लगायतका सेवा केन्द्रहरूको आवश्यक भौतिक पूर्वाधार विकास गरिनेछ।
  - सार्वजनिक सभा हल, सामुदायिक भवन, प्रतीक्षालय, शवदाह गृह तथा अन्य सामुदायिक उपयोगका संरचनाहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ।
  - गाउँपालिकाभित्र निर्माण हुने सार्वजनिक भवनहरूमा वर्षा पानी संकलन, सौर्य ऊर्जा तथा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
  - सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण, नियमित मर्मत सम्भार तथा अभिलेखीकरण कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

## ४. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- **जलवायु अनुकूलन र जैविक तटबन्ध कार्यक्रम:**
  - भेरी नदी र अन्य स्थानीय खोलाहरूबाट हुने तीव्र नदी कटान र भूक्षय नियन्त्रणका लागि संघीय र प्रदेश सरकारको नदी नियन्त्रण आयोजनासँग समन्वय गरी **जैविक तटबन्ध (Bio-Engineering)** र पक्की ग्याबियन पर्खाल निर्माण गरिनेछ।
  - सामुदायिक वनहरूसँग सहकार्य गरी खाली जमिन र सडकका किनाराहरूमा अम्रिसो, बाँस जस्ता आयआर्जनमूलक र बहुवर्षीय प्रजातिहरूको वृक्षारोपण गरी 'हरित गाउँपालिका' अभियान चलाइनेछ।
- **सुदृढ विपद् व्यवस्थापन कोष र द्रुत प्रतिकार्य टोली:**
  - वर्षात्को समयमा आउने बाढी, पहिरो र हिउँदको आगलागी जस्ता प्राकृतिक विपद्को सामना गर्न र प्रभावितहरूलाई तत्काल राहत तथा उद्धार गर्न गाउँपालिकाको **'विपद् व्यवस्थापन कोष'** को साविक बजेट आकारमा वृद्धि गरिनेछ। प्रत्येक वडामा आधारभूत उद्धार सामग्रीसहितको 'द्रुत प्रतिकार्य टोली लाई चौबीसै घण्टा सजग अवस्थामा राखिनेछ।

**५. सुशासन, संस्थागत विकास, वित्तीय अनुशासन र प्रशासनिक सेवा प्रवाह**

- **डिजिटल पालिका र ई-गभर्नेंस :**
  - गाउँपालिका र सबै वडा कार्यालयहरूबाट प्रवाह हुने सिफारिस, नाता प्रमाणित र अन्य प्रशासनिक सेवाहरूलाई **'डिजिटल सिफारिस प्रणाली'** मा पूर्ण रूपमा आबद्ध गरी सेवालाई कागजरहित (Paperless) बनाइनेछ।
  - नागरिकहरूले घरबाटै वा वडा कार्यालयबाटै आफ्नो कर, दस्तुर र मालपोत बुझाउन सक्ने गरी **'अनलाइन राजस्व भुक्तानी** प्रणालीलाई अनिवार्य रूपमा लागू गरिनेछ।
- **वित्तीय अनुशासन र बेरुजू शून्य रणनीति:**
  - वित्तीय अनुशासनलाई अक्षरसः परिपालना गर्न, आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न र बेरुजूलाई शून्यमा झार्ने लक्ष्यका साथ **'आन्तरिक लेखापरीक्षण'** प्रणालीलाई त्रैमासिक रूपमा सञ्चालन गरिनेछ।
  - महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका पुराना बेरुजूहरूलाई तत्काल फछ्यौंट गर्न र सप्रमाण सम्पेरिषन गर्न **'विशेष बेरुजू फछ्यौंट कार्यदल'** गठन गरिनेछ। आगामी दिनमा बेरुजू सिर्जना हुन नदिने गरी आर्थिक कार्यविधि नियमावलीको पूर्ण पालना गरिनेछ।
- **सघन योजना अनुगमन, पारदर्शिता र सार्वजनिक सुनुवाइः**
  - विकास निर्माणका आयोजनाहरूमा हुने ढिलासुस्ती, उपभोक्ता समितिहरूको उदासीनता र गुणस्तरहीन कामलाई रोक्न **'नियमित, सघन र प्राविधिक स्थलगत अनुगमन तथा मूल्याङ्कन'** प्रणालीलाई अनिवार्य गरिनेछ। अनुगमन समितिको प्रतिवेदन र गुणस्तरको प्राविधिक प्रतिवेदन विना कुनै पनि योजनाको भुक्तानी नगर्ने परिपाटीलाई कडाइका साथ लागू गरिनेछ।
  - पालिका र वडास्तरमा वर्षको दुई पटक अनिवार्य सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र प्रत्येक उपभोक्ता समिति तथा ठेक्का आयोजनामा सार्वजनिक परीक्षण लाई अनिवार्य गरिनेछ।
- **जनशक्ति क्षमता विकास र संस्थागत सुदृढीकरण:**
  - स्थानीय कानुनहरूको परिपालना, वित्तीय अनुशासन र फाइल सञ्चालन प्रक्रियालाई चुस्त र छिटो-छरितो बनाउन कार्यपालिकाका सदस्यहरू, वडा अध्यक्षहरू र कार्यरत राष्ट्रसेवक कर्मचारीहरूका लागि नियमित प्रशासनिक, कानुनी साक्षरता र अभिमुखीकरण तालिमहरू सञ्चालन गरिनेछ।
  - वडाका कर्मचारीहरुलाई वडाबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिस पन्जिकरण ई-राजश्व जस्ता क्षमता विकास तालिम संचालन गरिने छ।

**भाग ३: उपसंहार तथा कार्यान्वयनको प्रतिबद्धता**

**सभाध्यक्ष महोदय र माननीय सदस्यज्यूहरू,**

४. हामीले यस गरिमामय सभामा प्रस्तुत गरेका यी नीति तथा कार्यक्रमहरू केवल कागजका पानाहरू र औपचारिक शब्दका सङ्गालो मात्र होइनन्, यो हाम्रा आदरणीय बराहतालवासी नागरिकहरूको विकास, न्याय र समृद्धिको सपनालाई साकार पार्ने एउटा साझा सङ्कल्प पत्र हो। यसको सफल कार्यान्वयनबाट बराहताल गाउँपालिकामा स्थानीय स्वायत्त शासनको मर्म अनुरूप सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायको जग मजबुत हुने विश्वास मैले लिएको छु।

५. अन्तमा, यो नीति तथा कार्यक्रमको मस्यौदा तयार पार्न आ-आफ्नो क्षेत्रबाट अमूल्य सुझाव र सल्लाह दिनुहुने आदरणीय जनप्रतिनिधिज्यूहरू, विभिन्न राजनीतिक दलहरू, बुद्धिजीवी, नागरिक समाज, सञ्चारकर्मी मित्रहरू र अहोरात्र खटिएर प्रशासनिक सहयोग पुर्‍याउनुहुने राष्ट्रसेवक कर्मचारी मित्रहरूमा हार्दिक धन्यवाद एवं कृतज्ञता व्यक्त गर्दछु। यस नीति तथा कार्यक्रमलाई सफलतापूर्वक जमिनमा उतार्न संघीय सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदार दातृ निकाय, निजी क्षेत्र र सम्पूर्ण बराहतालवासी दाजुभाइ तथा दिदीबहिनीहरूबाट पूर्ण सहयोगको अपेक्षा गर्दै यो नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष स्वीकृतिका लागि प्रस्तुत गर्दछु।

**धन्यवाद।**

**जय बराहताल !**

# बराहताल गाउँपालिकाको गाउँसभामा बराहताल गाउँपालिकाका उपाध्यक्ष श्री लक्ष्मी पुन मगरले प्रस्तुत गर्नुभएको

# आ व २०८३/०८४ को

# बजेट वक्तव्य

**बराहताल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बड्डीचौर सुर्खेत**

**कर्णाली प्रदेश नेपाल**

**पेश: २०८३ असार ०८ गते सोमबार**

पारित मितिः

**श्रदेय यस गाउँसभाका अध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

**गाउँसभाका सचिवज्यू**

**उपस्थित गाउँ सभा सचिवालयका कर्मचारी तथा सम्पूर्ण महानुभावहरु,**

१. नेपालको संविधान बमोजिम नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहका सरकारहरुले आ आफ्नो बजेट आफै तयार गरी कार्यान्वयन गर्नुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था र स्थानीय तहले असार १० गतेभित्र आगामी वर्षको लागी बजेट तथा कार्यक्रम गाउँसभामा पेश गर्ने संवैधानिक र कानूनी प्रावधान अनुसार यस बराहताल गाउँपालिकाको गरिमामय १९ औं गाउँसभामा मैले बराहताल गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले समग्र बराहतालको विकास र समृद्धिको खाका सहित बराहताल गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को अनुमानित आय, व्यय यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई निकै गौरवान्वित र भाग्यमानी महसुस गरेको छु।

२. म यस अवसरमा व्यवस्था परिवर्तनका लागी विभिन्न कालखण्डमा भएका आन्दोलन र संघर्षका क्रममा विरगती प्राप्त गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। त्यस्तै घाइते, अपाङ्ग तथा वेपत्ता पारिएका व्यक्ति र उहाँहरुका परिवारप्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्न चाहन्छु।

३. नेपालको संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु स्थानीय तहको साझा तथा एकल अधिकारका विषय र बराहताल गाउँपालिकाको विकासको अवस्थालाई दृष्टिगत गर्दै समृद्ध नेपाल सुखी नेपाली, समृद्ध कर्णाली सुखारी कर्णालीबासी जस्तै "समृद्ध बराहताल सुखी बराहतालबासी" बनाउने सोच र बहुआयामिक विकासको सपनालाई बजेट निर्माणको सिद्धान्त र प्राथामिकिकरणको रुपमा लिएको छु।

४. बजेट निर्माणको क्रममा यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यू, प्रदेश सभाका माननीय सदस्यज्यू गाउँपालिकाका अध्यक्षज्यू, सम्पूर्ण वडाका अध्यक्षज्यूहरु, लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु पूर्व जनप्रतिनिधिज्यूहरु, राजनितिज्ञ अर्थविद नागरिक समाज निजी क्षेत्र तथा जनस्तरबाट प्राप्त भएका राय सल्लाह र सुझावहरुलाई यथासक्य समट्ने कोसिस गरेको छु।

५. संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह गठन पश्चात स्थानीय तहहरुले आफ्नो आगामी आर्थिक वर्षको अनुमानित आय, व्यय र राजश्वको प्रक्षेपण गर्नुपर्ने संवैधानिक र कानूनी व्यवस्था अनुरुप आजको यो गरिमामय सभामा बराहताल गाउँपालिकाको बजेट

तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

सभा अध्यक्ष ज्यू

अब म यस गरिमामय सभामा आगामी आ.व. को बजेट प्रस्तुत गर्नुपूर्व म चालु आर्थिक वर्ष २०८२/०८३ को समिक्षात्मक प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. बराहताल गाउँपालिकको चालु आ व २०८२।०८३ मा बार्षिक अन्तिम (संशोधित ) बजेट रु ६२ करोड ११ लाख २५ हजार ४ सय ९८ रहेकोमा हाल सम्म रु ३६ करोड ३ लाख ५३ हजार एक सय ३५ रुपैया अर्थात कुल विनियोजित बजेटको ५८ प्रतिशत बजेट खर्च भएको छ । जसमध्ये चालु खर्च ६६ प्रतिशत र पुजिगत खर्च ४० प्रतिशत रहेको छ । यस आ.व. को अन्त सम्ममा कुल चालु खर्च ८५ प्रतिशत र पुजिगत खर्च ७५ प्रतिशत समेत गरी कुल बजेट खर्च ८० % पुग्ने अनुमान गरेकी छु ।

७. यस आ.व. मा नेपाल सरकारबाट कुल वार्षिक आय अनुमान ३९ करोड ९ हजार रहेकोमा यस अवधिमा रु २१ करोड ९६ लाख ३५ हजार ५ सय ११ अर्थात कुल आय अनुमानको ८२ प्रतिशत मात्र निकासा प्राप्त भएको छ ।

८. कर्णाली प्रदेश सरकारबाट कुल विनियोजित रु ६ करोड ४२ लाख ५१ हजार मध्ये हाल सम्म जम्मा रु २ करोड ५२ लाख ९७ हजार ५ सय अर्थात कुल अनुमानित आयको ४० प्रतिशत निकासा प्राप्त भएको छ ।

९. यस आ व मा आन्तरिक स्रोतको अनुमान रु १ करोड १५ लाख ४० हजार ४ सय ९९ भएकोमा गत आ. व. को बैंक मौज्दात रु ७३ लाख २३ हजार ७ सय तिन र आन्तरिक राजश्वबाट जम्मा रु ४९ लाख ७९ हजार ६ सय ९० उठाउने लक्ष्य लिएकोमा जम्मा रु २३ लाख ४५ हजार ७ सय १९ मात्र अर्थात कुल अनुमान ४७ प्रतिशत मात्र राजश्व संकलन भएको अवस्था छ ।

१०. यस आव मा दहत्तर बहत्तर शुल्क बापत रु ६६ लाख मध्ये ४० लाख ९८ हजार ४८ रुपैँया संकलन भै यस गाउँपालिका र प्रदेश सरकार बीच कानून बमोजिम बाँडफाँड भैसकेको अवस्था छ ।

११. यस आव मा अपेक्षाकृत राजश्व संकलन नभएको र संघीय सरकारबाट प्राप्त हुने अनुदानमा समेत कटौती भएको अवस्था छ । जसले गर्दा आ.व. को उत्तरार्धमा आन्तरिक स्रोतको भुक्तानीमा स्रोतको अत्याधिक चाप पर्न गै सम्पन्न भएका केही योनाको भुक्तानी समेत हुन कठिन परिस्थिति उत्पन्न भएको अवस्था छ ।

सभा अध्यक्ष तथा गाउँसभा सदस्य ज्यूहरु,

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को क्षेत्रगत उपलब्धीहरु र गाउँपालिका र मातहतका वडा कार्यालयहरुबाट चालु आ.व. मा हाल सम्म भए गरेका कामहरुको संक्षिप्त प्रगति प्रस्तुत गर्न चाहन्छु ।

१२. क्षेत्रगत खर्चको अवस्था हेर्दा आर्थिक विकासमा कुल विनियोजित बजेटको ४४ दशमलब ०६ प्रतिशत, सामाजिक विकासमा ६२ दशमलब ५८ प्रतिशत, पूर्वाधार विकासमा ४० दशमलब ०७ प्रतिशत सु शासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २२ दशमलब ३८ प्रतिशत कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा ७० दशमलब ८४ प्रतिशत खर्च भएको अवस्था छ।

१३. वडागत रुपमा जेष्ठ मसान्तसम्म सबैभन्दा बढी खर्च गर्ने वडा, वडा नं ८ रहेको छ। उक्त वडाले ७० प्रतिशत खर्च गरेको छ भने वडा नं ९ ले सबैभन्दा कम अर्थात २९ प्रतिशत मात्र खर्च गरेको देखिन्छ। समयमै योजना सम्पनन्न गरी आर्थिक वर्षको अन्तमा खर्च गर्ने प्रवित्तलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ।

१४. गाउँपालिकाबाट ठेक्का भएका कामहरु समयमै ठेक्का व्यवस्थापन हुन नसकेको र तुलनात्मक रुपमा कार्य प्रगती कम रहेको देखिन्छ। समयमै ठेक्का व्यवस्थापन गर्न तथा साइट सुपरभिजन गरी समयमै कार्यसम्पन्न गर्न सकेको देखिदैन। जसले गर्दा समयमै काम सम्पन्न नहुने र गाउँपालिकाले अर्को वर्षमा दायित्व वहन गर्नुपर्ने अवस्था सिर्जना भएको छ। समयमै ठेक्का व्यवस्थापन गर्न र कार्य सम्पन्न गर्न तर्फ ध्यान दिन जरुरी देखिएको छ।

१५. स्वास्थ्य शाखा मार्फत क्षयरोग जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपड्ताल कार्यक्रम र टि बि विरामी परिवारका ४५५ जनाको सम्पर्क परिक्षण गरिएको छ। महिला स्वास्थ्य स्वयमसेविकालाई नसर्ने रोग तथा मानसिक रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम, CBIMNCI कार्यक्रम सम्पन्न गरिएको छ।

१६. पोषण तथा बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत वडा नं ५ र १० लाई पोषण मैत्री वडा घोषणा गर्ने लक्ष्यका साथ विभिन्न कार्यक्रम संचालन गरिएको छ। स्वास्थ्य संस्थाहरुमार्फत निशुल्क वितरण गर्ने औषधि खरिद तथा वितरण पूर्ण खोप सुनिश्चता र दिगोपनाका लागि अन्तिम चरणको तयारी भएको छ।

१७. १५ वटा स्वास्थ्य संस्था बाट नियमित रुपमा स्वास्थ्य सेवा प्रवाह गरी DHIS2 System मा प्रतिवेदन गरिएको र २५ वटा गाउँघर क्लिनिकबाट खोप सेवा र १२ वटा गाउँघर क्लिनिक बाट स्वास्थ्य सेवा प्रवाह गरिएको छ।

१८. त्यस्तै यो आर्थिक वर्षमा प्रजनन रुग्णता शिविर, पाठेघरको मुखको क्यान्सरको पहिचान शिविर, हाडजोर्नी तथा नशा रोग सम्बन्धी शिविर, आँखा सम्बन्धी शिविर र नसर्ने रोग सम्बन्धि शिविर तथा जनचेतना कार्यक्रम संचालन गरी नागरिकहरुको घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरिएको छ।

१९. शिक्षा युवा तथा खेलकुद शाखाबाट नेपाल सरकार कर्णाली प्रदेश सरकारबाट प्राप्त शशर्तका योजना तथा यस गाउँपालिकाबाट विनियोजित अधिकांश क्रियाकलाप सम्पन्न भएका छन।

२०. शिक्षक दरबन्दी मिलान गरी गाउँपालिका भित्रका विद्यालयमा विद्यार्थी र शिक्षकहरुको अनुपातमा सुधार तथा आधारभुत विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापन गरिएको छ । यसबाट शिक्षण सिकाइ प्रकृयामा सहजता तथा शैक्षिक गुणस्तरमा वृद्धि हुने अनुमान गरिएको छ ।

२१. गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम बाट उधमी सिर्जना तर्फ ४७ जनालाई उद्यमशिलता , १३ जनालाई सिलाई कटाइ, ४६ जनालाई सिप विकास तालिम २० जनालाई ड्राइभिङ्ग तालिम १३ जनालाई हस्तकला र १८ जनालाई व्युटिपार्लर गरी जम्मा १२९ जनालाई विभिन्न तालिम प्रदान गरिएको छ ।बैदेशिक रोजगारीबाट फर्कीएका व्यक्तिहरुका लागि उद्यम विकास तालिम समेत प्रदान गरिएको छ । यसबाट स्थानीय रोजगारी सिर्जना भइ आय आर्जनमा वृद्धि हुने देखिन्छ ।

सभाका अध्यक्ष ज्यू,

अब म गत १७ औं गाउँसभाबाट स्वीकृत चालु आ.व. ०८२/०८३ को नीति, बजेट योजना तथा कार्यक्रमका आधारमा यस गाउँपालिकाले २०८३ जेठ मसान्तसम्म गरेका कामहरुको संक्षेपमा समिक्षा गर्ने अनुमति चाहन्छु ।

२२. आ.व. २०८२/०८३ मा सम्झौता भएका ३२२ योजना मध्ये २११ वटा अर्थात करिब ६६ प्रतिशत योजनाहरु सम्पन्न भै भुक्तानी भैसकेका छन भने केही योजनाहरु सम्पन्न भै भुक्तानीका लागि कार्यालयमा पेश भएका र बाँकी योजनाहरु सम्पन्न हुने चरणमा रहेका छन।

२३. कुल योजनामध्ये सबैभन्दा बढी २१५ वटा योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका छन भने सबैभन्दा कम ५ वटा योजनाहरु मात्र ठेक्का मार्फत सम्पन्न भएका छन ।

२४. यस वर्ष विश्वपरिदृष्यमा देखिएको असहज परिस्थिति, इन्धनमा भएको अत्याधिक मूल्यवृद्धि तथा निर्माण सामाग्रीमा भएको मूल्यववृद्धिका कारण केही उपभोक्ता समिति र निर्माण व्यवसायीले कामगर्न नसकेको अवस्था समेत यो आर्थिक वर्षमा देखा परेको छ । जसले गर्दा गत विगतका आर्थिक वर्षका तुलनामा यस वर्ष पूजिगत खर्च न्यून हुन सक्ने देखिएको छ ।

२५. यस आर्थिक वर्षमा बराहताल गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवन सम्पन्न भै सेवा प्रवाह समेत सोही भवनबाट सुरु गरिएको छ । त्यसै गरी यस अवधिमा बराहताल गाउँपालिकाको वडा नं ७, ८ र ९ को वडाकार्यालय निर्माण कार्य सम्पन्न भै उक्त वडा कार्यालयहरु औपचारिक रुपमा यो आर्थिक वर्षमा उद्धाटन भएका र उक्त वडा कार्यालयहरुबाट सेवा प्रवाह सुचारु भएको छ । आफ्नै सुविधा सम्पन्न प्रशासनिक भवनबाट नागरिकहरुले छिटो छरितो र प्रभावकारी सेवा पाउने अपेक्षा लिएको छु ।

२६. विभिन्न विद्यालयका भवन तथा यस आ.व. मा ठेक्का मार्फत संचालन गरिएका सडक योजनाहरु निर्माण सम्पन्न भएका छन ।

२७. वडा कार्यलयहरुमै पुगेर योजना सम्झौता शिविर तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण गरिएको छ ।

२८. चालु आर्थिक वर्षको जेठ मसान्त सम्म ६३ घरधुरीमा नयाँ धारा जडान गरिएको छ भने १५हजार ९० मिटर पाइपलाइन विस्तार गरी खानेपानी सेवालाई थप विस्तार गरिएको छ ।

२९. गाउँपालिकालाई नेपाल सरकार र कर्णाली प्रदेश सरकारवाट स्वीकृत योजना तथा कार्यक्रमहरु अधिकांश योजना तथा कार्यक्रमको ठेक्का एवं उपभोक्ता समिति मार्फत काम सम्पन्न भएका छन ।

३०. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघात भएको विरामीलाई औषधी उपचार खर्च वापत प्रत्येक विरामीलाई  नेपाल सरकारले तोके बमोजिम मासिक रू. ५,०००।– (पाँच हजार) का दरले हुन आउने रकम सम्बन्धित विरामीहरुको बैंक खातामा जम्मा गरिएको छ ।

३१. अनलाइन प्रणालीबाट गाउँपालिका र वडास्तरबाट राजस्व संकलन प्रणाली लागु गरिएको छ । गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा इ-हाजिरी जडान गरिएको, योजना सफ्टवेयर, वडा सिफारिस संघ संस्था दर्ता सफ्टवेयर  डिजिटल नागरिक बडापत्र अनलाइन नागरिकता सिफारिस प्रणाली लागु गरी डिजिटल पालिका बनाउने अभियानलाई जोड दिइएको छ ।

३२. यस आ.व. मा बराहताल गाउँपालिकाका विभिन्न ५ वटा स्वास्थ्य संस्थाहरुमा अपांगता जाँच तथा अपांगता परिचय पत्र वितरण  शिविर संचालन गरी ५५ र  शाखामा प्राप्त भएका निवेदन उपर छानविन गरी नियमित रुपमा जम्मा २४ जना गरी ७९ जनालाई अपांगता परिचयपत्र वितरण गरिएको छ ।

३३. अपाङ्गता भएका व्यत्तिहरुलाई निशुल्क स्वास्थ्य जाँच शिविरबाट  फिजियोथेरापी र थप उपचारका लागि ३३ जना व्यत्तिलाई साईनिङ्ग अस्पताल सुर्खेत सिफरिस गरिएको ।

३४. बराहताल गाउँपालिका र साइनिङ्ग अस्पताल आइ एन एफ सुर्खेत संगको साझेदारीमा संचालित कार्यक्रमबाट १२ जना अपांगता भएका व्यक्तीहरु लाभान्वित जस्मा कृतिम अंग, फिजियोथेरापी  थप उपचार सेवा  प्रदान गरिएको छ ।

३५. माध्यमिक विद्यालयहरुमा बालविवाह न्यूनिकरण  सम्बन्धी जनचेतना  मुलककार्यक्रम सँगै होडिङ बोर्ड वितरण  गरिएको छ ।

३६. अन्तराष्ट्रिय अपङ्गता दिवसको अवसरमा  अपाङ्गता भएका व्यत्तिहरुलाई सरसफाई सामाग्री वितरण गरिएको छ । युवा वर्गहरुमा लागु पदार्थ दुर्व्यशनी सम्बन्धी २ दिने जनचेतनामुलक कार्यक्रम गरिएको छ ।

३७. लक्षित वर्गहरुलाई ( अपांगता भएका व्यक्ती, एकल महिला र द्धन्द्ध पिडित ) आयआर्जन सम्बन्धि सिपमुलक तालिम  २३ जनालाई ( सरफ हर्वल सावुन र फिनाएल )  प्रदान गरिएको छ । कृषि विकास शाखा र पशु विकास शाखा मार्फत नेपाल सरकार प्रदेश सरकार र बराहताल गाउँपालिकाबाट तर्जुमा गरिएका सबै योजना तथा कार्यक्रम सम्पन्न गरिएको छ ।

३८. रोजगार सेवा केन्द्र मार्फत कामका लागि पारिश्रमिकमा आधारित न्यूनतम रोजगारी सृजना तर्फ ८० जनालाई १०० दिन बराबरको न्यूनतम रोजगारी प्रदान गरिएको छ । २० जना ईलेक्ट्रिसीयन र २० जना कन्स्ट्रक्सन मेसन गरि ४० जनालाई ५० दिन बराबरको कार्यस्थलमा आधारित सिपमूलक तथा जीवन उपयोगी सिपमूलक तालिम प्रदान गरि डकर्मी र इलेक्ट्रीसियन मर्मत को जनशक्ति उत्पादन गरिएको छ ।

३९. अल्पकालिन रोजगारी सृजना तर्फ मूख्यमन्त्री रोजगार कार्यक्रम मार्फत २७० जनालाई औषत ६० दिन बराबरको रोजगारी प्रदान गरिएको छ । ३१ जनाको को आर पी एल विधि मार्फत डकर्मी र प्लम्बर सिपको सिप परिक्षण गरिएको छ ।

४०. शिक्षा शाखा मार्फत नेपाल सरकार कर्णाली प्रदेश सरकार र स्थानीय तहले तय गरेका योजना तथा कार्यक्रम सम्पन्न गरिएका छ । बराहताल गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माण गरी लागु गरिएको छ ।

४१. सामाजिक सुरक्षा वापतको रकम वितरणलाई सेवाग्राही मैत्री बनाउन नविल बैंक पञ्जिकरण शाखा नेपाल प्रहरी र वडा कार्यालयहरुको सहयोगमा वडा नं ३ र ४ वडा कार्यालयहरुबाटै वितरण गर्न शुरु गरिएको छ ।

सभा अध्यक्ष महोदय,

४२. अब म आर्थिक वर्ष २०८३।०८४ बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथामिकता यस गरिमामय गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

उदेश्यहरु:

(क) उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी बराहताल गाउँपालिकाको उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्नु ।

(ख) सामाजिक न्याय र समावेशिकरण मार्फत समुन्नत गाउँपालिका निर्माणको आधार तय गर्नु ।

(ग) सार्वजनिक प्रशासन, विकास र सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्नु

(घ) सार्वजनिक खर्चमा मितव्यितता कायम गर्दै सार्वजनिक खर्च प्रणालीलाई प्रभावकारी बनाउनु ।

(ङ)गाउँपालिकामा उपलब्ध स्रोत साधन श्रम पुँजी र प्रविधिको प्रयोग र परिचालन मार्फत रोजगारी सिर्जना र गरिवी निवारण गर्नु ।

(च) संघ र प्रदेश संगको समन्वय र सहकार्यमा विकास निर्माणका क्रियाकलापहरु संचालन गरी समृद्ध बराहताल निर्माण गर्नु ।

(छ) आर्थिक तथा सामाजिक रुपान्तर मार्फत सन्तुलित समावेशी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु ।

बजेटका प्राथामिकताहरु निम्नानुसार रहनेछन:

(क) सन्तुलित गुणस्तरीय समावेशी तथा सहभागिता मुलक पूर्वाधारको विकास

(ख) नवपर्वतन उद्यमशिलता प्रर्वदन र स्थानीय रोजगारी वृद्धि मार्फत गरिबी निवारण

(ग) प्रविधिमा आधारित कृषि व्यवसायीकरण, विविधिकरण मार्फत कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि

(घ) स्थानीय आर्थिक विकासमा टेवा

(ङ)मानव संसाधन पूर्वाधारको विकास र पूजी निर्माण

(च) आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रमा यूवाहरुको अर्थपूर्ण सहभागिता

सभा अध्यक्ष महोदय, अब म

४३. नेपालको संविधान जारी भएपछि मुलुकमा संघीयता कार्यान्वयन भई स्थानीय तहलाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देशित गरे बमोजिम बराहताल गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट पेश गर्ने अनुमति चाहन्छु । बराहताल गाउँपालिकाको आगामी बजेट कार्यन्वयन गर्नका लागि तपसिल बमोजिमका विधेयकहरु स्वीकृति गरि कार्यान्यमा ल्याईनेछ।

तपशिल

(क) विनियोजन विधेयक, २०८३

(ख) आर्थिक विधेयक, २०८३

(ग) मध्यमकालिन खर्च संरचना २०८३ – २०८६

अब म आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय व्यय को विवरण पेश गर्ने अनुमति चाहान्छु ।

४४. बराहताल गाउँपालिकाको आ.व. २०८३।०८४ कुल बजेट रु ६३ करोड ६ लाख ९६ हजार ५० रुपैँया ५० पैसा अनुमान गरेको छ । जसमध्ये चालु तर्फ कुल बजेटको करिव ६८ प्रतिशत र पुजिगत तर्फ कुल बजेटको करिव ३२ प्रतिशत रहने अनुमान गरेको छ ।

४५. जसमध्ये बराहताल गाउँपालिकालाई नेपाल सरकारबाट समानीकरण अनुदान तर्फ ११ करोड ७८ लाख , शसर्त अनुदान (चालु) तर्फ २४ करोड ८७ लाख शसर्त अनुदान पुजिगततर्फ रु ६६ लाख र समपुरक अनुदान रु १ करोड ७० लाख वित्तिय हस्तान्तरण भै कुल ३९ करोड १ लाख बजेट प्राप्त भएको छ । नेपाल सरकारबाट प्राप्त योजना तथा कार्यक्रम अनुसुची १ मा उल्लेख गरेको छु ।

४६. त्यसैगरी कर्णाली प्रदेश सरकारबाट बराहताल गाउँपालिकाकालाई समानीकरण अनुदान तर्फ १ करोड ४५ लाख १० हजार, शसर्त अनुदान (चालु) तर्फ २६ लाख ८६ हजार शसर्त अनुदान पुजिगततर्फ रु २ करोड ५ लाख र विशेष अनुदान तर्फ ५० लाख र समपुरक अनुदान १ करोड ९१ लाख ५० हजार गरी कुल रु ६ करोड १८ लाख ४६ हजार बजेट प्राप्त भएको छ । कर्णाली प्रदेश सरकारबाट हस्तान्तरित भै प्राप्त योजनाहरु अनुसूची २ मा उल्लेख गरेको छु ।

४७. राजश्व अनुदान बाँडफाँड तर्फ नेपाल सरकारबाट १५ करोड ८३ हजार र कर्णाली प्रदेश सरकारबाट रु २३ लाख ८४ हजार ९ सय ४ गरी कुल रु १५ करोड २९ लाख ६७ हजार ९ सय ४ रुपैया राजश्व आम्दानी हुने अनुमान गरेको छु ।

४८. आगामी आ.व. २०८३।०८४ मा गाउँपालिकाको आन्तरिक राजश्व तर्फ १ करोड १० लाख २२ हजार १ सय ४६ र दहत्तर बहत्तर मार्फत रु ७२ लाख ६० हजार र यस वर्षको बैंक मौज्दात रु ७५ लाख गरी जम्मा रु २

करोड ५७ लाख  ८२ हजार १४६ आन्तरिक आम्दानी हुने अनुमान गरेको छ ।

**सभा अध्यक्ष महोदय**

**तथा गाउँ सभा सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०८३।०८४ मा संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरुको को अनुमानित व्ययको विवरण पेश गर्ने अनुमति चाहान्छु ।

४९. संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा बचत हुन जाने बैङ्क मौज्दात अन्तर्गत बराहताल गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट चालु खर्च तर्फ कुल बजेटको करिव ६८  प्रतिशत व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छ ।

५०. संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्जात परामर्श सेवा अन्तर्गत बराहताल गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट पूँजीगत खर्च तर्फ कुल बजेटको करिब ३८ प्रतिशत व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छ ।

५१. बराहताल गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत, बैङ्क मौज्दात तथा अन्य कार्यक्रमबाट समेत गरी कुल बजेट ६३ करोड ६ लाख ९६  हजार ५०  रुपैया  ५० पैसा व्यय हुने यस गरिमामय गाउँसभामा अनुमान गरि बजेट बिनियोजन गरेको छ ।

५२. बराहताल गाउँपालिका  र  मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता तथा कार्यालय संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

५३. बराहताल गाउँपालिकालाई  नेपाल सरकारबाट प्राप्त  समपुरक योजनाहरुमध्ये  वीरेन्द्रनगर डम्पिङ्ग साईड हुँदै बड्डीचौर सडक स्तरोन्नती का लागि रु ३३ लाख र बराहताल पर्यटकिय क्षेत्र परिसरमा पूर्वाधार निर्माणमा सझेदारी गर्न रु १८ लाख तथा  कर्णाली प्रदेश सरकारबाट प्राप्त समपुरक योजनाहरुमध्ये व्युरेनी देखी बुटी इखेनी  सडक स्तरोन्नतीका लागि रु ३० लाख र ओदालताल बेलचौर बड्डीचौर सडक निर्माणका लागि रु २७ लाख ४२ हजार तथा स्थानीय पूर्वाधार विकास विभाग (डोली) मार्फत निर्माण हुने प्रशासकीय भवन पूर्वाधारमा रु ४२लाख ४० हजार गरी जम्मा रु १ करोड ५० लाख ८५ हजार रकम साझेदारीका लागि विनियोजन गरेको छ । यस गाउँपालिकालाई नेपाल सरकार र कर्णाली प्रदेश सरकार मार्फत प्राप्त भएका समपुरक योजनाहरु अनुसूची ३ मा उल्लेख गरेको छ ।

५४. त्यस्तै गरी नेपाल सरकार र फिनल्याण्ड सरकारको सयुंक्त वित्तिय लगानी तथा युरोपियन युनियनको सह आर्थिक अनुदानमा संचालित लगानीजलवायू परिवर्तन स्थानीय अनुकुलन परियोजना (LAAC) मार्फत संचालन हुने विभिन्न योजनाहरुका लागि सम्झौता बमोजिम साझेदारी गर्न आवश्यक बजेट विनियोजन गरेको छ । यस परियोजना मार्फत आ.व. २०८३।०८४ मा संचालन हुन आयोजना तथा कार्यक्रमहरु अनुसूची ४   मा उल्लेख गरिएका छन ।

५५. वडाहरुको समतामुलक विकास गर्न वडा कार्यालयहरु मार्फत कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुका लागि कुल रु कुल रु १० करोड ३ लाख ६९ हजार ९ सय ८६ रुपैया    रकम विनियोजन गरेको छ । यसपटक

विगतमाझै दामासायी रुपमा बजेट विनियोजन नगरी वडाको भुगोल, जनसंख्या राजश्व संकलनको अवस्था र विकटताका आधारमा सुत्रमा आधारित भै वडाहरुलाई तपसिल बमोजिमको बजेट विनियोजन गरेको छु।

तपसिल

| वडा नं | बजेट रु | कैफियत |
|---|---|---|
| १ | ९४५५११८ ( चौरानब्बे लाख पचपन्न हजार एक सय अठार ) | |
| २ | १०४५९३०१ ( एक करोड चार लाख उन्साठी हजार तिन सय एक रुपैया ) | |
| ३ | १०२२४४१७ ( एक करोड दुई लाख चौविस हजार चार सय सत्र रुपैया ) | |
| ४ | ९९११९०५ ( उनान्सय लाख एघार लाख नौ सय पाँच ) | |
| ५ | १३८५०४९३ ( एक करोड अड्तिस लाख पचास हजार चार सय त्रियानब्बे रुपैया ) | |
| ६ | ९१३०२६४ ( एकानब्बे लाख तीस हजार दुई सय चौसठ्ठी) | |
| ७ | ९२२०५४०(बयानब्बे लाख बीस हजार पाँच सय चालिस रुपैया ) | |
| ८ | ९९८५६०९ ( उनान्सय लाख पचासी हजार छ सय नौ) | |
| ९ | ९०००००० ( नब्बे लाख मात्र) | |
| १० | ९१३२३३९ ( एकानब्बे लाख बत्तिस हजार तिन सय उन्चालिस रुपैया मात्र ) | |

५६. गाउँपालिकाको कार्यालय अन्तरगतका शाखा तथा इकाइबाट कार्यान्वयन हुने योजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५७. बराहताल गाउँपालिका अन्तर्गत विभिन्न आयोजनाहरुमा विभिन्न साझेदार निकायलागत सहभागिता साझेदारी जुटाउन समपूरक कोषका लागि आवश्यक बजेट रु १करोड ५० लाख विनियोजन गरेको छु। विभिन्न साझेदार निकाय राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी निकायबाट यस गाउँपालिमा यस आ व मा कार्यान्वयन हुने योजनाहरु अनुसूची ५ मा उल्लेख गरेको छु।

५८. गत आर्थिक वर्षको अन्तिम किस्ता बापत निकासा बाँकी रकम नआएको तथा लक्ष्य अनुरुप राजश्व संकलन तथा आन्तरिक आम्दानी गर्न नसकिएकोले कारणले चालु आर्थिक वर्षमा भुक्तानी गर्न बाँकी रहेका दायित्व सिर्जना भएका योजनाहरुको भुक्तानीका लागि आवश्यक रकम विनियोजन गरेको छु।

५९. गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुलाई स्थायी कर्मचारी सहर मासिक रु ५ हजार महंगी भत्ता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

६०. निवृत्तिभरण प्राप्त गर्ने कर्मचारी बाहेक अन्य अस्थायी करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक रकम विनियोजन गरेको छु।

६१. ज्ञानज्योती सामुदायिक सिकाइकेन्द्रमा कार्यरत सिकाइ सहजकर्तालाई श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम गाउँपालिकाको तर्फबाट थप गर्ने निर्णय गरेको छु।

६२. बराहताल गाउँपालिकाको आ.व २०८३।०८४ को बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट बराहताल गाउँपालिकाको राजनीतिक, आर्थिक, भौतिक पूर्वाधार, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु समाजलाई न्याय, समानता, स्वतन्त्रता र विकासतर्फ डोऱ्याउन यो बजेट तथा कार्यक्रम महत्वपूर्ण भुमिका रहनेछ ।यसको सफल कार्यान्वयनमा सरोकारवाला सबैको अर्थपूर्ण योगदानको अपेक्षा गरेको छु ।

६३. बराहताल गाउँपालिकाको शान; कृषि, पर्यटन, वन, शिक्षा र पूर्वाधार हाम्रो अभियान भन्ने नारालाई आत्मसात गर्दै संविधानको मर्म र भावना अनुसार जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले आम नागरिकहरुको गाउँपालिका प्रति विकास र सेवा प्रवाहको अपेक्षा धैरै हुनु स्वभाविक नै हो । तर निश्चित स्रोत र साधनको उपलब्धताको कारण एकैपटक सवै अपेक्षाहरु पुरा नहुन सक्छन । ती सवै नागरिकहरुका आकांक्षालाई क्रमशः पुरा गर्दै लैजाने वाचा गर्दै आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट मार्फत धैरै जसो अपेक्षा सम्वोधन गर्ने जमर्को गरेको छु ।

६४. अन्तमा प्रस्तुत बजेट तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने प्रतिनिधी सभाका सदस्यज्यू र प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, गाउँपालिका अध्यक्ष ज्यू, विषयगत समितिका संयोजक तथा पदाधिकारीहरु, सम्पुर्ण वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधिहरु, कर्मचारी मित्रहरु, सम्पूर्ण सरोकारवाला तथा बराहतालबासीहरु प्रति हृदयदेखि आभार र कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद !!**

लक्ष्मी पुन मगर
उपाध्यक्ष तथा संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
बराहताल गाउँपालिका सुर्खेत
मितिः २०८३।०३।०८

## अनुसूची १

## बराहताल गाउँपालिकालाई नेपाल सरकारबाट हस्तान्तरित योजना तथा कार्यक्रमहरु

| अनुदान प्राप्त क्रियाकलाप | Primary source | Secondary source | विनियोजन |
|---|---|---|---|
| स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २,२८,००,०००.०० |
| उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक (एकमुष्ट) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ८,३५,०००.०० |
| आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १२,०९,००,०००.०० |
| माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी, प्राविधिक धारका प्रशिक्षक समेत) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २,१६,००,०००.०० |
| प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,२१,००,०००.०० |
| प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | १७,५६,०००.०० |
| प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुंजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ३५,१३,०००.०० |
| गरिबसँग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालको पोशाक खर्च | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०,०००.०० |
| सुरक्षित नागरिक आवास कार्यक्रम :- कर्णाली प्रदेशको सुर्खेत जिल्ला क्षेत्र नं. २ अन्तर्गत बराहताल गाउँपालिका-३६६ वटा (स्वीकृत आवास संख्या अनुसार आ.व. २०८2/०८3 सम्म सम्झौता भएका लाभग्राहीका लागि भुक्तानी [illegible] | नेपाल सरकार - समपुरक अनुदान चालु | आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | ३८,००,०००.०० |

| | | | |
|---|---|---|---|
| स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | नेपाल सरकार - समपुरक अनुदान चालु | आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | १९,००,०००.०० |
| स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ३,००,०००.०० |
| स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ६,००,०००.०० |
| गरिबसँग विश्वेश्वर कार्यक्रमको लागि सामाजिक परिचालकको मसलन्द खर्च | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०,०००.०० |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २९,००,०००.०० |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ८,२८,०००.०० |
| सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ४,१४,०००.०० |
| विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | १,९८,०००.०० |
| विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ३,९६,०००.०० |
| विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १३,८६,०००.०० |
| कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,२०,०००.०० |
| मनोसामाजिक परामर्शकर्ता (सहायक पाचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन ) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २,३७,०००.०० |

| | | | |
|---|---|---|---|
| गरिबसँग विश्वेश्वर कार्यक्रमको लागि सामाजिक परिचालकको पारिश्रमिक | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,९५,०००.०० |
| स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २,४९,०००.०० |
| स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २,३१,०००.०० |
| एम.आई.एस.अपरेटर र फिल्ड सहायक पोशाक भत्ता | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २०,०००.०० |
| रोजगार संयोजकको तलव | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,६८,०००.०० |
| रोजगार संयोजकको पोसाक | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०,०००.०० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुको लागि PAMS V2 सम्बन्धि अभिमुखिकरण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ६०,०००.०० |
| सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७०,०००.०० |
| डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखिकरण एवं प्रवर्द्धन कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २५,०००.०० |
| उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन (स्थानीय तहको शत प्रतिशत लागत साझेदारी अनिवार्य) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०,४७,०००.०० |
| गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम ) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३५,०००.०० |
| गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,६०,०००.०० |

| | | | |
|---|---|---|---|
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७७,८७,०००.०० |
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | २२,२५,०००.०० |
| तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ११,१२,०००.०० |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ४,६९,०००.०० |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ९,३८,०००.०० |
| विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३२,८३,०००.०० |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०,०३,०००.०० |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | २,८७,०००.०० |
| सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | १,४३,०००.०० |
| विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | १,४०,०००.०० |
| विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | २,८१,०००.०० |
| विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ९,८३,०००.०० |

| | | | |
|---|---|---|---|
| प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ९,०९,०००.०० |
| प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | २,६०,०००.०० |
| प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | १,३०,०००.०० |
| अनौपचारिक / परम्परागत शिक्षा सञ्चालन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ४४,०००.०० |
| अनौपचारिक / परम्परागत शिक्षा सञ्चालन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ८८,०००.०० |
| अनौपचारिक / परम्परागत शिक्षा सञ्चालन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३,०८,०००.०० |
| सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २८,२४,०००.०० |
| सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ८,०७,०००.०० |
| सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ४,०४,०००.०० |
| शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ७६,०००.०० |
| शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | १,५२,०००.०० |
| शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,३१,०००.०० |

| | | | |
|---|---|---|---|
| आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,१४,०००.०० |
| आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | १,४७,०००.०० |
| आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ७४,०००.०० |
| स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ८७,०००.०० |
| स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | १,७३,०००.०० |
| स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ६,०५,०००.०० |
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ४४,५०,०००.०० |
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | १२,७२,०००.०० |
| माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ६,३६,०००.०० |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ५,०८,०००.०० |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | १०,१५,०००.०० |
| आधारमुत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३५,५३,०००.०० |

| | | | |
|---|---|---|---|
| किसान सूचीकरण कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५०,०००.०० |
| कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३०,०००.०० |
| उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,५०,०००.०० |
| सूचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरीक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,५०,०००.०० |
| खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान,गहुँ) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ९,००,०००.०० |
| पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | नेपाल सरकार - शसर्त अनुदान चालु | युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | ३०,७४,०००.०० |
| सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | ६,२५,०००.०० |
| बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | नेपाल सरकार - शसर्त अनुदान चालु | युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | २,०१,०००.०० |
| बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,००,०००.०० |
| कृत्रिम गर्भाधान मिसन कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ८०,०००.०० |
| कुकुरमा रेबिज नियन्त्रण कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ६०,०००.०० |
| पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण तथा NAHIS रिपोटिङ्ग कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ६०,०००.०० |

| | | | |
|---|---|---|---|
| प्रजनन् रुग्णता स्वास्थ्य सेवा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २,३०,०००.०० |
| परिवार योजना सेवा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५४,०००.०० |
| किशोरकिशोरी स्वास्थ्य सेवा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७८,०००.०० |
| पोषण कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,८८,०००.०० |
| स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७,५२,०००.०० |
| स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १३,०४,०००.०० |
| राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २५,००,०००.०० |
| नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २,४०,०००.०० |
| आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ९५,०००.०० |
| क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि बिरामीका घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,०५,०००.०० |
| मदिराजन्य तथा सुर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रणका लागि बैठक, अनुगमनका साथै यसका न्युनिकरणका लागि संचार कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,००,०००.०० |
| नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,००,०००.०० |

| | | | |
|---|---|---|---|
| "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,००,०००.०० |
| मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ४०,०००.०० |
| समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,४५,०००.०० |
| सर्पदन्स, रेबिज लगायतका अन्य जुनोटिक रोगहरुको बारेमा एक स्वास्थ्यको अबधारणा सहित sensitization/अभिमुखीकरण कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १५,०००.०० |
| स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, खोप [illegible] | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ६,९४,०००.०० |
| CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,००,०००.०० |
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ११,८७,०००.०० |
| स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,१३,०००.०० |
| रोजगार सेवा केन्द्र सञ्चालन खर्च (मसलन्द, अनुगमन/ईन्धन, रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण, अन्य विविध खर्च) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,००,०००.०० |
| स्थानीय तह/रोजगार सेवा केन्द्रद्वारा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा सूचना प्रवाह कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ८८,०००.०० |
| स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक व्यवस्थापन खर्च | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १५,०००.०० |
| श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २५,०००.०० |

| | | | |
|---|---|---|---|
| रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्बन्धी सरोकारवालासँग रणनीतिक संवाद तथा छलफल कार्यक्रम | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २५,०००.०० |
| बाल विवाह अन्त्य सम्बन्धी कार्यक्रम स्थानीय तहको साझेदारीमा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३,००,०००.०० |
| गरिबसँग विश्वेश्वर कार्यक्रम लागु भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन खर्च | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,८५,०००.०० |
| प्रा.शि.तथा व्या.ता.परिषद्को मापदण्ड बमोजिम सामुदायिक विद्यालय र साझेदारी शिक्षालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७,००,०००.०० |
| मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण भत्ता तथा यातायात र सञ्चार खर्च | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ६०,०००.०० |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७,६४,०००.०० |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | २,१८,०००.०० |
| सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | १,०९,०००.०० |
| जम्मा | | | २५,५३,००,०००.०० |

# अनुसूची २

## बराहताल गाउँपालिकालाई कर्णाली सरकारबाट हस्तान्तरित योजना तथा कार्यक्रमहरु

| क्र.सं. | क्रियाकलाप संकेत | अनुदान प्राप्त क्रियाकलाप | स्रोत | विनियोजन |
|---|---|---|---|---|
| १ | 11.4.15.1146 | तेलपानी ठुलोखोला सिँचाइ आयोजना बराहताल गाउँपालिका १ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| २ | 11.4.15.1148 | डोप्का सिँचाई कुलो निर्माण बराहताल गाउँपालिका २ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ३ | 11.4.15.1150 | गेरुपानी नहर निर्माण माथिल्लो तरंगा बराहताल गाउँपालिका ४ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ४ | 11.4.15.1153 | हातिमारे सिँचाई कुलो निर्माण बराहताल गाउँपालिका ५ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ५ | 11.4.15.1156 | ज्यामिरे सिँचाई आयोजना बराहताल गाउँपालिका ८ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ६ | 11.4.15.1157 | धारापानी सिँद्वाई कुलो निर्माण योजना बराहताल गाउँपालिका ९ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ७ | 11.4.15.1158 | लिस्ने सिँचाई कुलो निर्माण बराहताल गाउँपालिका १० | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ८ | 11.4.22.1351 | सलापु सिरान कुलो निर्माण बराहताल ६ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ९ | 11.4.22.1811 | माझतडा देखि गुरासे सम्म पदमार्ग निर्माण बराहताल गाउँपालिका ३ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| १० | 11.4.22.1813 | स्याउले देखि कर्णाली पदमार्ग बराहताल गाउँपालिका ७ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| ११ | 11.4.22.1893 | सुनद्धारी सुनेरीटोल सडक निर्माण बराहताल ५ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | २५०००० |
| १२ | 11.4.22.2169 | रानीवन भट्टेघारी सडक ग्राभेल वडा नं ८ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| १३ | 11.4.22.2171 | वडा कार्यालय घेराबार बराहताल ४ | प्रदेश सरकार - शसर्त अनुदान पुँजीगत | १५०००० |
| १४ | 11.4.22.14 | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | प्रदेश सरकार - शसर्त अनुदान चालु | ५५०००० |
| १५ | 11.4.22.15 | स्वास्थ्य स्वंयम सेविकाहरुलाई प्रोत्साहन भत्ता | प्रदेश सरकार - शसर्त अनुदान चालु | २१३६००० |
| १६ | 11.१.2.1९६५ | हल्देखर्क विधालय भवन निर्माण वराहताल १० | प्रदेश सरकार - विशेष अनुदान | ५०००००० |
| १७ | 11.5.3.242 | बिउरेनी देखि बुटी इखेनी सडक स्तरोउन्नती | प्रदेश सरकार - समपुरक अनुदान | १००००००० |
| १८ | 11.5.3.243 | ओदालताल बेलचौर बङ्गिचौर सडक निर्माण | प्रदेश सरकार - समपुरक अनुदान | ९१५०००० |
| | | | जम्मा | ४७३३६००० |